

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २५ ❑ अङ्क ६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत ८ गते बिहीबार ❑ 21 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५


## गरिबीलाई शून्यमा झार्नु छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, ७ चैत

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सरकारले गरिबी रेखालाई घटाएर शून्यमा झार्नुपर्ने बताउनुभएको छ।

काठमाडौँ जिल्ला कमिटीको बृहत् कार्यकर्ता भेलालाई बुधबारयहाँ सम्बोधन गर्दै उहाँले सरकारले गरिबी शून्यमा झार्ने गरी काम गर्ने बताउनुभयो । उहाँले अहिले गरिबीको रेखामुनि १७ प्रतिशतबाट बढेर २०.२६ प्रतिशतमा पुगेको उल्लेख गर्दै त्यसलाई शून्यमा झार्नुपर्ने



बताउनुभयो। "हामीले सरकारमा रहँदा निरपेक्ष गरिबीको रेखालाई १७ प्रतिशतमा झारेका थियौँ। तर अहिले त्यो बढेर फेरि २०.२६ प्रतिशतमा पुगेको छ। त्यसलाई घटाउनु छ। शून्यमा झार्नु छ," उहाँले भन्नुभयो । अध्यक्ष ओलीले एमाले देश बनाउने सङ्कल्प बोकेर हिँडेको पार्टी भएको धारणा राख्नुभयो।

उहाँले आगामी निर्वाचनमा काठमाडौँमा गएको निर्वाचनको जस्तो हार अस्वीकार्य भएको बताउनुभयो । "पछिल्लो निर्वाचनमा १० प्रतिशतको हैसियतमा झऱ्यो। काठमाडौँका १० क्षेत्रमध्ये एउटा मुस्किलले जित्यौँ यो स्थितिलाई अनिवार्य बदल्नै पर्छ", उहाँले भन्नुभयो, "एमालेलाई काठमाडौँमा यो अवस्था कुनै हालतमा स्वीकार्य छैन। एमालेले काम गरेर देखाएको हिसाबले पनि जुन परिमाण आएको छ । त्यो पीडादायी रहेको छ।" उहाँले आगामी निर्वाचनमा काठमाडौँमाएमालेले९०प्रतिशत मत ल्याउनुपर्ने बताउनुभयो । अध्यक्ष ओलीले पार्टीका पक्षमा सामाजिक सञ्जालमार्फत बोल्न कार्यकर्तालाई आग्रह गर्नुभयो । "पार्टीका पक्षमा बोल्नुपऱ्यो ।

विपक्षीले लगाएका झुठो आरोपको खण्डन गर्नुपऱ्यो । यो झुठो हो भनेर सामाजिक सञ्जालमा किन टिप्पणी लेख्दैनौँ", उहाँले भन्नुभयो । अध्यक्ष ओलीले नेपाललाई समृद्ध र सुशासनयुक्त बनाउन खोजेको बताउनुभयो ।

## एसईई परीक्षाको सम्पूर्ण तयारी पूरा

**रासस**
काठमाडौं, ७ चैत

राष्ट्रिय परीक्षा बोर्डले यही चैत्र १५ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) को सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। यसवर्षको एसईई परीक्षाका लागि देशभर दुई हजार ५७ परीक्षा केन्द्र निर्धारण गरिएको छ।

चैत १५ गतेदेखि सुरु भई २७ गतेसम्पन्न हुने परीक्षाका लागि बोर्डले उक्त संख्यामा परीक्षा केन्द्र निर्धारण गरेको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार यसवर्ष देशभरबाट करिब पाँच लाख विद्यार्थी एसईई परीक्षामा सहभागी हुनेछन् । यसवर्ष पनि जापानमा एउटा परीक्षा केन्द्र निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो।

परीक्षाका लागि बोर्डले पाँच लाख प्रश्नपत्र छापिसकेको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो। पाँच लाख चार हजार ४१४ जनाले परीक्षाको फाराम भरे पनि परीक्षामा केही विद्यार्थीको संख्या घट्न सक्ने उहाँले बताउनुभयो। पौडेलले परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र बोर्डले देशभरका ७६ जिल्लाका प्रहरी कार्यालयमा पठाइसकेको बताउँदै काठमाडौँ जिल्लामा परीक्षाको अघिल्लो दिन मात्रै पठाइने जानकारी दिनुभयो । "प्रत्येक विषयको परीक्षाका दिन परीक्षा सुरु हुनु केही समय अगाडि मात्रै प्रहरी सुरक्षाका साथ सम्बन्धित परीक्षा केन्द्रमा प्रश्न पत्र पठाइनेछ", उहाँले भन्नुभयो । परीक्षाका लागि आवश्यक पर्ने उत्तरपुस्तिका एवं अन्य सामग्री कार्यालयले सातै प्रदेशमा पठाएको जानकारी दिँदै परीक्षा नियन्त्रक पौडेलले प्रदेश र जिल्लाले गर्ने तयारी पनि भइरहेको बताउनुभयो । उहाँका अनुसार आवश्यक बजेट सातवटै प्रदेश सरकारअन्तर्गत सामाजिक सुरक्षा मन्त्रालयले व्यवस्थापन गर्नेछ।

नेपाल बाहिर जापानमा बसेका नेपाली विद्यार्थीले यसवर्ष पनि जापानबाटै परीक्षा दिन पाउने भएका छन्। बोर्डले यसवर्षको परीक्षाका लागि एक परीक्षा केन्द्र निर्धारण गरेको छ। जापानबाट २३ जना विद्यार्थीले एसईई दिने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो।

प्रत्येक परीक्षा केन्द्रमा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष एक/एक, तीन सय विद्यार्थी रहेको केन्द्रमा दुई सहायक केन्द्राध्यक्ष, दुई विद्यार्थी बराबर एक निरीक्षक, एक सय ५० देखि दुई सयसम्म परीक्षार्थी भएकोमा एक सहयोगी र त्योभन्दा बढी परीक्षार्थी रहेको केन्द्रमा दुई सहयोगी खटाइने उहाँको भनाइ छ । परीक्षा केन्द्रको आवश्यकताअनुसार सुरक्षाकर्मी परिचालन गरिने र सुरक्षाकर्मीदेखि कर्मचारी परिचालनका लागि प्रत्येक जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला परीक्षा समन्वय समितिले गर्ने व्यवस्था गरिएको परीक्षा बोर्डले जनाएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट विसं २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' जारी गरेको थियो । यसवर्षको परीक्षामा बोर्डले 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' लागू गरेको जनाएको छ। विगतमा सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने व्यवस्था रहेकामा यसवर्ष निर्देशिका कार्यान्वयनमा आएपछि पहिलो पटक बोर्डले एसईई परीक्षाको नतिजामा विद्यार्थीले सैद्धान्तिकमा ३५ र प्रयोगात्मकमा ४० अङ्क ल्याउनुपर्ने व्यवस्था गरेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो।

परीक्षार्थी कम्तीमा सैद्धान्तिक विषयमा ३५ र प्रयोगात्मकमा ४० अङ्क ल्याउनुपर्ने भन्दै एक सय पूर्णाङ्क रहेको विषयमा ३५ अङ्क र ७५ पूर्णाङ्क रहेको विषयमा २७ अङ्क ल्याउनुपर्ने उहाँले बताउनुभयो।

परीक्षा नियन्त्रक पौडेलका अनुसार ३५ प्रतिशतभन्दा कम अङ्क ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनःमौका परीक्षामा सहभागी हुनु पर्नेछ । ३५ अङ्क ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन्।

## गण्डकीमा 'एक स्थानीय तह, एक खेल मैदान'

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

गण्डकी प्रदेश सरकारले चालु आवमा २५ स्थानीय तहमा खेल मैदान निर्माणका लागि अनुदानको प्रक्रिया अगाडि बढाएको छ। अनुदानका लागि ४६ वटा स्थानीय तहबाट प्रस्ताव परेको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ।

"खेल निर्माण र स्तरोन्नतिका लागि अनुदान पाउने स्थानीय तह केहीदिनमा छनोट हुन्छन्", खेलकुद महाशाखा प्रमुख खिमबहादुर भुजेलले भन्नुभयो, "यस वर्ष 'एक स्थानीय तह, एक खेल मैदान' कार्यक्रमका लागि रु. चार करोड बजेट छ, एउटा स्थानीय तहले रु. १६ लाखका दरले अनुदान पाउँछ।"

छनोटपछि लगत्तै योजना कार्यान्वयनमा जाने उहाँको भनाइ छ। प्रदेश सरकार स्थापना भएयता उक्त कार्यक्रमका लागि रु. १७ करोड २२ लाख रुपैयाँ अनुदान उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ । प्रदेशका ८५ स्थानीय तहमध्ये ७८ स्थानीय तहमा 'एक स्थानीय तह, एक खेल मैदान' कार्यक्रम कार्यान्वयन भएको जनाइएको छ। महाशाखा प्रमुख भुजेलले यसअघि कतिपय स्थानीय तहमा योजना सुरु भएपनि कामले पूर्णता पाउन नसकेको बताउनुभयो। व्यवस्थित र योजनाबद्ध ढङ्गले काम नहुँदा कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको उहाँको भनाइ छ । "सरकारले पालिकास्तरको स्तरीय खेल मैदान निर्माणको नीति लिएर लगानी गरेको हो, तर प्रतिफल त्यही अनुसारको देखिएको छैन", उहाँले भन्नुभयो, "वितरणमुखी बजेटले परिणाम दिँदैन ।" महाशाखा प्रमुख भुजेलले यो वर्षदेखि निर्माण सुरु भएको खेल मैदानलाई पूर्णता दिने गरि बजेट खर्च गरिने बताउनुभयो। खेल मैदान मर्मतलगायत स-साना योजनामा मन्त्रालयले बर्सेनि बजेट विनियोजन गर्दै आएको छ। 'एक स्थानीय तह, एक खेल मैदान'अन्तर्गत गत आवमा १५ वटा खेल मैदानको निर्माण तथा स्तरोन्नति गरिएको थियो।

प्रदेश सरकारले घोषणा गरेका ठूला खेल पूर्वाधार आयोजना भने कार्यान्वयन हुन सकेका छैनन् । लाखौँ खर्चेर विस्तृत परियोजना प्रतिवेदन (पिपिआर) बनाइएका कतिपय खेल पूर्वाधार निर्माण सुरु नै नभई अलपत्र परेका छन् । चालु आवमा प्रदेशस्तरीय क्रिकेट खेलकुद मैदान निर्माणका लागि रु. ४० लाख बजेट विनियोजन गरेपनि जग्गा नहुँदा कहाँ लगानी गर्ने भन्ने अन्योलता देखिएको मन्त्रालयले जनाएको छ।

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा पर्वतीय खेलकुद तालिम केन्द्र बनाउने योजनालाई यो वर्ष प्राथमिकतामा राखिएको महाशाखा प्रमुख भुजेलले बताउनुभयो । उक्त योजनाको प्राविधिक अध्ययन र 'डिपिआर' निर्माणका लागि विज्ञ टोली गठन गरेर काम सुरु गरिएको उहाँको भनाइ छ । मुस्ताङको भूगोल विशिष्ट प्रकृतिको भएकाले विज्ञहरूमार्फत भौगर्भिक अध्ययन गरेपछि मात्र पूर्वाधार निर्माणको काम सुरु गरिने महाशाखा प्रमुख भुजेलले बताउनुभयो।

प्रदेशले कार्यान्वयन गर्ने कतिपय खेल पूर्वाधार योजनालाई सङ्घ सरकारबाटसमेत शसर्त बजेट आउने गरेको छ । पूर्वाधारतर्फ खेलमैदान, कभर्डहल, व्यायामशाला आदि निर्माण र स्तरोन्नतिका योजना छन्। मन्त्रालयले 'खेल मैदानको निर्माण एवं स्तरोन्नति सम्बन्धि मापदण्ड, २०७८' बमोजिम योजना सम्झौता एवं कार्यान्वयन गर्ने गरेको छ।

## मुग्लिन-पोखरा सडकको पश्चिम खण्डमा ७० मठमन्दिर भत्किने

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ चैत


मुग्लिन-पोखरा सडक बिस्तार आयोजना अन्तर्गत तनहुँको पश्चिम खण्डमा करिब ७० वटा मठमन्दिर भत्किने भएका छन् । राजमार्गको सडक मापदण्डभित्र निर्माण गरिएका मठमन्दिरहरु भत्किने भएका आयोजनाले जनाएको छ।

तनहुँ खण्डमा मात्रै बाह्र मन्दिर र दुई पार्क भत्किने छन् । प्रमुख जिल्ला अधिकारीको संयोकत्वमा गठित मुआब्जा निर्धारण समितिको हालै बसेको बैठकले मन्दिरको क्षतिपूर्तिका लागि मुआब्जा निर्धारण गरिसकेको छ । तनहुँ खण्डका लागि मात्रै रु ३४ लाख मुआब्जा वितरण गर्नुपर्ने देखिएको छ भने कोत्रेदेखि कास्कीको सेतीपुलसम्मको लगत लिने काम भैरहेको रेना आरडिइटी-एस कन्सल्टटेन्सीका परामर्शदाता कुमार श्रेष्ठले जानकारी दिनुभयो । मन्दिरको मुआब्जाका लागि मूल्याङ्कन भैसकेकाले सम्बन्धित समुहले वडाको सिफारिस, समुहको माइन्युटर र निवेदनलगायतका आवश्यक कागजपत्र आयोजना समक्ष पेश गर्नुपर्ने छ । पश्चिम सडकखण्ड अन्तर्गत दुई लेनको छ किलोमिटर दूरीमा अस्पाल्ट प्रविधिको कालोपत्र सम्पन्न भएको छ । "तनहुँ र कास्की खण्डमा गरी उक्त दुरीमा कालोपत्र गरिएको हो", उहाँले भन्नुभयो, "पछिल्लो समय निर्माण कम्पनीले निर्माणको गति बढाएपछि अहिले भौतिक प्रगति १८ प्रतिशत पुगेको छ।" उक्त सडकखण्ड अन्तर्गत तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्म ३८ दशमलव ८८ किलोमिटर दुरीमा पर्दछ । उक्त खण्डमा सडक विस्तार तथा स्तरोन्नति चीनको यनहुँई काइयुन हाइवे एन्डब्रिज कम्पनीले ठेक्का पाएको छ। आयोजनाले निर्माण कम्पनीलाई लक्ष्यअनुरुप कामको गति बढाउन निर्देशन दिएपछि निर्माणले गति लिएको मुग्लिन-पोखरा सडक आयोजना (पश्चिम खण्ड) का इञ्जिनियर नारायण पौड्यालले बताउनुभयो।

पश्चिम खण्डका लागि रु सात अर्ब ४० करोड ४६ लाख ८१ हजारमा ठेक्का सम्झौता भएको थियो । विसं २०७८ भदौबाट काम सुरु भएको यस खण्डको काम २०८१ भदौ १२ मा सम्पन्न गर्नुपर्ने सम्झौता छ। पृथ्वीराजमार्ग सडक विस्तार पूर्वी र पश्चिम गरी दुई खण्डमा निर्माण भैरहेको छ। त्यसैगरी पूर्वी खण्डमा ५१ प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ।

अहिले सडकको डिजाइन अनुरुप सडक केन्द्रबाट दायाँबायाँ २३/२३ मिटर सडक बिस्तार भैरहेको छ। दमौली र डुम्रे बजार क्षेत्रमा छ लेनको सडक बन्नेछ। राजमार्गको अन्य क्षेत्रमा भने चार लेनको सडक हुनेछ।

आयोजनाको पूर्वी खण्डमा एकतर्फी ३२ किलोमिटर दूरीमा कालोपत्र गरिएको मुग्लिन-पोखराको पूर्वी खण्डका इञ्जिनियर बिष्णु पाण्डेले जानकारी दिनुभयो। पूर्वी खण्डमा ४१ दशमलव सात किलोमिटर छ। पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। पूर्वी खण्डका लागि रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको हो। उक्त खण्डको सम्पन्न गर्नुपर्ने म्याद विसं २०८१ वैशाखसम्म छ । कोभिडको समयमा निर्माण स्थगित भएकाले नेपाल सरकारबाट छ महिना म्याद थप गर्ने प्रक्रियामा रहेको सो आयोजनाले जनाएको छ।

# गण्डकी पारा खेलकुदमा विभिन्न इभेन्टहरु सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा बुधबार पहिलो दिन विभिन्न इभेन्टहरु सम्पन्न भएका छन् ।

पोखरा रंगशालामा पहिलो दिन मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता र अटिजम अपाङ्गता गरी तीन विभिन्न खेलका इभेन्टहरु सम्पन्न भएका हुन् । यस अघि उक्त प्रतियोगिता प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले एक कार्यक्रमका बीच उद्घाटन गरेका थिए । मनोसामाजिक अपाङ्गता म्युजिकल चियर प्रतियोगितामा विपना तामाङ्ग प्रथम, मनिशा भुसाल द्वितिय, सुजिता परियार तृतिय र ऋतु मजाकोटी चौथो भएकी छन् । बिजेताहरुले क्रमश नगद रु ५ हजार, ३ हजार, १ हजार पाँचसयका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गरे । त्यसै गरी बौद्धिक अपाङ्गता ८ देखि ११ वर्ष उमेर समुह ५० मिटर दौडमा पुरुषतर्फ विप्सन रोका र अरव जेटी र प्रिन्स गुरुङ क्रमश पहिलो, दोस्रो र तेस्रो हुँदा महिलातर्फ



गुराँस रम्तेल, सुहानी बराल र प्रज्ञा कार्की पहिलो, दोस्रो र तेस्रो भएका छन् । त्यस्तै गरी बौद्धिक अपाङ्गता ११ देखि १५ वर्ष उमेर समुह १०० मिटर दौडमा पुरुषतर्फ सानु रिजाल पहिलो, प्रसान्त गुरुङ दोस्रो र तेज प्रसाद अधिकारी तेस्रो भएका छन् महिलातर्फ दिपशिखा श्रेष्ठ पहिलो, अनिशा कुमाल दोस्रो र प्रतिभा पौडेल तेस्रो भएका छन् ।

यसै गरी अपाङ्गता १६ वर्ष उमेर माथी २०० मिटर दौडमा पुरुषतर्फ सागर शेरचन पहिलो, शिशिर पौडेल दास्रो र मलन गुरुङ तेस्रो हुँदा महिलातर्फ १०० मिटर दौडमा ऋतु गुरुङ पहिलो, हेलेन श्रेष्ठ दोस्रो र प्रकृती केसी तेश्रो हुन सफल भए । बुधबार नै सम्पन्न अटिजम अपाङ्गता दौड सिकाई समुह ३ देखि ५ पुरुषतर्फ रिजन आचार्य, प्रतिक अधिकारी र सागर गुरुङ महिलातर्फ आध्या अधिकारी, सुविना अधिकारी र शर्मिला गिरी क्रमश पहिलो, दोस्रो र तेस्रो भएका छन् । सोही इभेन्ट सिकाई समुह ६ देखि १० तर्फ पुरुषतर्फ सञ्जिव कुंवर, रेगम गुरुङ र सिजन गुरुङ तथा महिलातर्फ प्रयुश लामिछाने, प्रियन्स भण्डारी र निमेश पौडेल क्रमश पहिलो, दोस्रो र तेस्रो भएका छन् । त्यस्तै सिकाई समुह १० माथी सुभन गुरुङ, अनुकुल लम्साल र आर्यान खत्री तथा महिलातर्फ प्रान्जली घिमिरे, आध्या अधिकारी र सर्लिन गिरी क्रमश पहिलो, दोस्रो र तेस्रो हुन सफल भएका छन् ।

उनीहरुले नगदुसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

बिजेता खेलाडी तथा सहभागिहरुलाई प्रदेश खेलकुदका कार्यकारी सदस्यद्वय दिल बहादुर गुरुङ र ऋषीराम गौतम, परिषदका सदस्य विष्णुमायाँ गुरुङ, कार्यक्रमका संयोजक एवं परिषदका सदस्य अमृत बराल, प्रदेश खेलकुदका कार्यालय प्रमुख तोपलाल भुसाल, गण्डकी एथलेटिक्स संघका अध्यक्ष हरि बरुवाल, पोखरा महानगर खेलकुदका सदस्य भरतविक्रम बानियाँ, बौद्धिक अपाङ्गता संघका केन्द्रिय महासचिव राम नारायण श्रेष्ठ, कास्की नेत्रहिन संघका कार्यालय प्रमुख एक बहादुर गुरुङलगायतले नगद, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । पहिलो दिन उक्त प्रतियोगतामा करिव ८० जना खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगिता अन्तर्गत चैत्र १० गते क्रिकेट महिला पुरुष, ह्विल चियर बास्केटबल, ह्विलचियर टेबुल टेनिस, भलिबल, ब्याडमिन्टन र बोसियाका खेलहरु सञ्चालन हुने संयोजक बरालले जानकारी दिए ।



तालबाराही मन्दिर जाने तयारीमा पर्यटकः पर्यटन राजधानी पोखराको फेवाताको बीचभागमा अवस्थित तालबाराही मन्दिर जाने तयारीमा धार्मिक पर्यटक । तस्बिर : वासुदेव पौडेल/रासस

# सुजल डेरीको Safal Happy Cow Milk बजारमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

सुजल डेरीको Safal Happy Cow Milk पोखरा बजारमा ल्याएको छ । उपभोक्ताको आवश्यकता र बजारको गाईको शुद्ध दूधको मागलाई मध्यनजर गर्दै कम्पनीले Safal Happy cow milk बजारमा ल्याएको हो ।

सफल Happy Cow Milk गाईको दूध उत्पादन हुने




क्षेत्रबाट संकलन गरी गाईको दूधको प्राकृतिक सुगन्ध, स्वाद र पौष्टिकतालाई ध्यान दिई सावधानीपूर्वक अत्याधुनिक प्रविधिबाट प्रशोधन गरिन्छ । सफल Happy Cow Milk को प्रत्येक प्याकेट क्रिमयुक्त रहेको छ । न्युनतम ३.५% FAT र न्युनतम ७.५% SNF रहेको छ । यो Tastier, Creamier Healthier छ । यो दुधमा शरीरलाई चाहिने Calcium, Protein र Vitamin का साथै अन्य मिनिरल पूर्ण रुपमा पाईन्छ जस्ले गर्दा पौष्टिकता पाउनुको साथ साथै शरिरलाई स्वस्थ राख्न मद्दत गर्दछ ।

हिन्दु रितिरिवाज अनुसार धार्मिक कार्य जस्तै भगवानलाई अर्पण गर्न, पंचाम्रित बनाउन, त्यसैगरि अन्य शुभ कार्य जस्तै विवाह, ब्रतबन्ध र पूजाका कार्यहरुमा पनि सफल Happy Cow Milk को प्रयोग गरिन्छ । Safal happy cow milk बजारमा ५०० ml को पाउचमा उपलब्ध छ । यस्को अधिकतम विक्री मूल्य रु. ६० रहेको छ ।

# गण्डकी प्रदेश बास्केटबल संघको अध्यक्ष धोज कुमार गुरुङ सर्वसम्मत निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

गण्डकी प्रदेश बास्केटबल संघको अध्यक्षमा धोज कुमार गुरुङ सर्बसम्मत निर्वाचित भएका छन् ।

पोखरामा बुधबार सम्पन्न आयोजक समितिको भेलाले अध्यक्षमा गुरुङ सहित १५ सदस्यीय कार्यसमिति निर्विरोध चयन गरेको हो । अध्यक्षमा निर्वाचित गुरुङ प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष हुन भने यस अघि कास्की जिल्ला बास्केटबल



संघको अध्यक्षमा समेत रहिसकेका छन् । यसै गरी संघको उपाध्यक्षद्वयमा किरण सापकोटा र कौशल्या गुरुङ निर्वाचित हुँदा महासचिवमा विष्णुकुमार गुरुङ र नवलपुरका सतिश राई सचिवमा तथा कोषाध्यक्षमा दिलिप गुरुङ्ग सर्वसम्मत निर्वाचित भएका छन् ।

कार्यसमिति सदस्यमा जगत राना, सोनाम गुरुङ, शौरभ केसी, विशाल राना, मिलन पाइजा पुन, प्रदिप रसाइली, कृपाश्वर गुरुङ र कृष्णकुमार श्रेष्ठ सर्वसम्मत भएको प्रदेश खेलकुदका सदस्य केशव पाठकले जानकारी दिएका छन् ।

नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै गण्डकी प्रदेशका सांसद प्रकाश बरालले गण्डकीको बास्केटबल खेलको विकासका लागि एक बलियो टिम गठन भएकोमा बधाई दिँदै दशौं राष्ट्रिय खेलकुदका लागि जुट्न आग्रह गरे । यसै गरी प्रदेश खेलकुदका सदस्य सचिव श्रीधर शर्माले खेलकुद संघहरुलाई शुसासनतर्फ अघि बढाउन परिषदले विगत ६ महिना यता भरमग्दुर प्रयासहरु जारी राखेको बताउँदै खेलसंघहरुमा शुसासनको अवस्था बलियो नवने सम्म खेलकुदको विकासमा बाधा पुग्ने उल्लेख गरे ।

कार्यक्रममा नेपाल बास्केटबल संघका उपाध्यक्ष जुम प्रसाद गुरुङ, कास्की बास्केटबल संघका सल्लाहकार एवं पोखरा महानगरका वरिष्ठ कानुन अधिकृत नारायण प्रसाद शर्माले आफ्ना भनाई राखेका थिए ।

## मुखको स्वास्थ्यमा ध्यान दिऔं

**दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदाः**

- **चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,**
- **रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,**
- **फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,**
- **खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,**
- **डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,**
- **सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,**

**नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# राजमार्गका पसल र होटलमा म्याद नाघेका पेयपदार्थ

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ चैत

राष्ट्रिय राजमार्ग कालीगण्डकी करिडोरको बेनी-जोमसोम सडकअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ तिप्ल्याङमा रहेका पसल र होटलमा म्याद नाघेका मदिरा र पेयपदार्थ भेटिएको छ ।

पर्यटन तथा उद्योग कार्यालय म्याग्दीले बुधबार गरेको बजार अनुगमनका क्रममा तिप्ल्याङका होटल तथा पसलमा एक वर्षअघि नै म्याद नाघेका पेयपदार्थ र मदिरा बिक्रीका लागि राखेको पाइएको हो । अनुगमन टोलीको नेतृत्व गर्नुभएका पर्यटन तथा उद्योग कार्यालयका प्रमुख पोषानाथ शर्माले १७ वटा होटल तथा पसलमा अनुगमन गर्दा रु ३० हजार मूल्य बराबरको म्याद नाघेका पेयपदार्थ र मदिरा भेटिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार बिक्रीका लागि राखिएका बियर, कोक, फेन्टा, भुजा र फुरनदानाको म्याद नाघेको पाइएको थियो । सबैभन्दा बढी म्याद नाघेका सामान नमस्ते होटलमा भेटिएको थियो । "एक वर्षअघि नै म्याद नाघेका सामान बिक्रीका लागि राखेको भेटियो", कार्यालयका कर्मचारी सन्तोष ढुङ्गानाले भन्नुभयो, "पहिलो पटक भएकाले व्यवसायीलाई सचेत बनाएर म्याद नाघेका सामान डिलर कहाँ फिर्ता पठाउन लगाएका छौँ ।"सो ठाउँमा अर्को पटक बजार अनुगमनका क्रममा म्याद नाघेका सामान बिक्रीका लागि राखेको जफत र नष्ट गर्नुका साथै जरिवाना तिराउने कार्यालयले चेतावनी दिएको छ । तिप्ल्याङ म्याग्दी हुँदै मुस्ताङ जाने आउने पर्यटक, तीर्थयात्री र पाहुनाले खाजा खाना खाने व्यापारिक केन्द्र हो ।

जिल्ला प्रशासन कार्यालय, वडा कार्यालय, अस्थायी प्रहरी बिट तिप्ल्याङका प्रतिनिधि र पत्रकारको टोलीले अनुगमन गरेको थियो ।


चालु आर्थिक वर्षको हालसम्म नौ पटक एक सय ६० वटा उद्योग, व्यवसायको अनुगमन गरेको कार्यालयले जनाएको छ ।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

**लक्षणहरु :**
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

**नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।**

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# आगलागी नियन्त्रणमा जोड देऊ

फाल्गुन चैत्र महिनामा आगलागीका कारण बर्सेनि मानवीय क्षतिका साथै अर्बौं रुपियाँको भौतिक संरचना एवं वनपैदावार नष्ट हुने गरेको छ । यस वर्ष पनि सुक्खा मौसम सुरु भएसँगै पहाड तथा मधेश/तराईमा आगलागीका सयौँ घटना सार्वजनिक भइसकेका छन् । लामो समयसम्म पानी नपर्दा देशका विभिन्न भागमा आगलागी भएका समाचार बन्ने गरेका छन । यी घटनामा परेर मानवीय क्षति हुनुका साथै सयौँ परिवार घरबारविहीन भएका छन् । आगलागीले भौतिक र मानवीय क्षति पुर्याएको छ । नेपाल कुल क्षेत्रफलको करिब ४५ प्रतिशत भूभाग ओगटेको वन तथा बुट्यान क्षेत्रमा यतिबेला जतातत्तै डढेलो लागेको समाचार सार्वजनिक भइरहेका छन् ।

'हरियो वन, नेपालको धन' भनिए पनि डढेलोका कारण जीवजन्तुका साथै वनपैदावरमा पुगेको क्षतिको आकलन गर्न सकिने अवस्था देखिँदैन । यस पटक हिउँदे वर्षामा कमी हुँदा गत फागुनदेखि सुरु भएको डढेलो र आगलागीका घटना देशव्यापी रूपमा विस्तार हुनु आमनेपालीका लागि चिन्ताको विषय बनेको छ । पछिल्लो २४ घण्टामा मात्रै आगलागीका ५५ वटा घटना भएका छन् । यी घटनामा परेर तीन जनाको ज्यान जानुका साथै केही घाइते पनि भएका छन् । लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रमा १२ दिनदेखि लागेको डढेलो अझै नियन्त्रणमा आउन सकेको छैन । नेपाली सेनाले निभाउने प्रयास गरिरहे पनि जटिल भूबनोटका कारण डढेलो नियन्त्रणभन्दा बाहिर फैलिरहेको छ । कास्कीका गाउँ बस्तीमा आगलागीबाट बन पैदावर नष्ट भएको छाजडिबुटीको समेत पाल्पाका पाँच वटा सामुदायिक वनमा सात दिनदेखि लागेको डढेलो पनि नियन्त्रणमा आउन सकेको छैन ।

मोरङ, रङ्गेलीको बाबुसाहेब टोलमा भएको आगलागीमा परेर २८ घरपरिवारको बिचल्ली भएको समाचारले उद्वेलित बनाइरहेको छ । विद्युत् प्रसारण लाइनका तार एकापसमा ठोक्किँदा विद्युत् सर्ट भई तारमुनिको घरमा आगो सल्किएको स्थानीयको भनाइ छ । यसै गरी पाँचथरको फाल्गुनन्द गाउँपालिकाको पञ्चमी बजारमा भएको आगलागीमा तीन वटा घर नष्ट भएका छन् । तेह्रथुमको फेदापमा जङ्गलबाट सल्केको आगो बस्तीमा आइपुगेर २० घर नष्ट भएका छन् । झापामा एक साताको अवधिमा १७ वटा आगलागीको घटनामा करोडौँको भौतिक क्षति भएको प्रारम्भिक मूल्याङ्कन गरिएको छ । यी त सार्वजनिक भएका प्रतिनिधि घटना मात्र हुन् । हिउँद लागेसँगै आगलागी र डढेलोसम्बन्धी विपत्का घटना बढ्ने भए पनि बेलैमा आवश्यक सावधानी नअपनाउँदा बर्सेनि क्षतिको दर वृद्धि भइरहेको देखिन्छ ।

विगत १२ वर्षको तथ्याङ्कलाई हेर्दा आगलागीकै कारण ठुलो सङ्ख्यामा मानवीय र आर्थिक क्षति मुलुकले बेहोरेको छ । गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको तथ्याङ्कमा उल्लेख भए अनुसार यस अवधिमा २५ हजार २४० वटा आगलागी र डढेलोका घटना भएका छन् । यी घटनामा परेर एक हजार एक सयभन्दा बढीको ज्यान गएको देखिन्छ । मानवीय क्षति मात्रै नभएर औसतमा एक वर्षमा दुई अर्ब रुपियाँभन्दा बढीको आर्थिक क्षति आगलागीका कारण हुने गरेको छ । यस अवधिमा तीन हजार ३२६ जना घाइते तथा ३३ हजार १७५ घरपरिवार प्रत्यक्ष प्रभावित बनेका छन् ।

वनजङ्गलमा होस् कि घरमा, आगो आफैँ उब्जिने होइन । दाउरा तथा घाँसको लोभले वनजङ्गल आसपासका स्थानीयले डढेलो लगाउने गरेकोसमेत सार्वजनिक हुने गरेको छ । केटाकेटीले अनजानमा तथा चुरोट, बिँडी खानेका कारण पनि आगो लाग्ने गरेको छ । घरमा ग्यास चुहिएर, विद्युत् सर्ट भएर हुने गरेका आगलागीका घटना पनि उत्तिकै छन् । वनजङ्गलमा वन हेरालुको व्यवस्था गर्ने, सुरक्षाकर्मीको नियमित गस्तीका साथै अग्नि नियन्त्रण रेखा कायम गर्ने हो भने डढेलोका घटनामा कमी आउने वातावरणविद्को भनाइलाई सम्बन्धित निकायले ध्यान दिन आवश्यक देखिन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# प्लास्टिकका भाँडाले माटोका भाँडा लोप हुँदै

**पोखरापत्र संवाददाता**
दमौली, ७ चैत

बढ्दो आधुनिकतासँगै प्लास्टिकका भाँडा प्रयोग हुन थालेपछि माटोका भाँडाले बजार पाउन छाडेको छ । बजारमा सहज रुपमा पाइने प्लास्टिकका भाँडाका कारण माटोका भाँडा लोप हुने अवस्थामा पुगेको हो ।

आँबुखैरेनी गाउँपालिका-१ सत्रसयफाँटमा लामो समयदेखि माटोका भाँडा बनाउँदै आउनुभएका चन्द्रकृष्ण प्रजापतिले आधुनिकता तथा सहजताका कारण प्लास्टिकका सामग्री प्रयोग गर्ने बढेसँगै माटाको भाँडा प्रयोग गर्ने घटेको बताउनुभयो । पुर्ख्यौली पेसा भएकाले अहिलेसम्म छाड्न नसकेको उहाँको भनाइ छ । "पछिल्लो समय प्लास्टिकका भाँडा तथा अन्य सामग्री प्रयोग गर्न सहज, जहाँ पनि पाइने हुँदा परम्परागत माटाका भाँडा विस्थापित हुने अवस्थामा पुगेको छ । अहिले धेरै व्यापार घटेको छ । पेसा नै लोप हुन्छ की भन्ने चिन्ता छ ।" प्रजापतिको परिवार २०४३ सालमा भक्तपुरको ठिमीबाट बसाइँसराइ गरी तनहुँ आएको थियो । बाबु चन्द्रबहादुर प्रजापतिसँगै तनहुँ आउनुभएका उहाँले छ वर्षको उमेरदेखि नै माटाका भाँडा बनाउन सिक्नुभएको हो । माटाका भाँडा बिक्री गरी हाल वार्षिक रू पाँच लाखसम्म आम्दानी हुने गरेको प्रजापतिले सुनाउनुभयो । उहाँका अनुसार निर्माण गरिएका भाँडा तनहुँका साथै लमजुङ र गोरखामा समेत बिक्री हुँदै आएको छ । माटोका भाँडा बनाउने भट्टाबाट रक्सी पार्ने हण्डा, मकै भुट्ने हाडी, पानी राख्ने भुड्का, गाग्री, घैँटा, धुपौरे, खोतउली, फूलका गमला, आरी, डुगुल्की, सुराइ, खुत्रुक्के, कमलदानी, कलश, पाला, दियोलगायत सामग्री बन्दै आएको छ । हाडीप्रति गोटा रू दुई सय, गमलाप्रति दर्जन रू नौ सय, गाग्री रू एक सय ५०, आरी रू दुई सय, खुत्रुक्के रू एक सय ५०, धुपौरे रू ६० मा बिक्री हुने गरेको प्रजापतिले जानकारी दिनुभयो । भाँडा तयार गर्नका लागि गोरखाबाट प्रतिट्याक्टर चिम्ट्याइलो माटो रू १५ हजारमा खरिद गर्ने गरेको उहाँले बताउनुभयो । प्लास्टिकका भाँडा प्रयोग गर्दा मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने र वातावरणसमेत प्रदूषित हुने भएकाले माटोका भाँडा प्रयोग गर्नुपर्ने प्रजापतिको सुझाव छ । "भट्टामा माटो पेल्ने तथा भाँडा बनाउने मेसिन र पोल्ने भट्टा निर्माण गरी पेसालाई निरन्तरता दिँदै आएको छु । म यो पोमा सन्तुष्ट छु", प्रजापतिले भन्नुभयो । स्थानीय सरकारले केही आर्थिक सहयोग गरिदिए व्यवसायलाई आधुनिक बनाउने योजना रहेको उहाँको भनाइ छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ नवदिप टोलमा बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः नवदिप टोलमा बाटो ढलान निर्माण
ठेगानाः पोखरा-१२, नवदिपटोल
योजना शुरु मितिः २०८०/०८/२१ गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/०८ गते
योजनाको कुल लागतः रु. १५,०१,१४६
महानगरपालिकाबाटः रु. १२,७६,८००/-
जनसहभागिताबाटः रु.२,२५,१४६/-
अध्यक्षः हिमाल दंगल सम्पर्क नं.: ९८६४३८१४२८
निर्माण समिति सदस्य संख्याः ९
महिलाः ३, पुरुषः ६

**नवदिप टोलमा बाटो ढलान निर्माण उपभोक्ता समिति**
**पोखरा-१२, नवदिपटोल**



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/१२/०७

यस कार्यालयबाट मिति २०७५/०२/०६ मा कास्की जिल्ला पोखरा ०९ कास्कीमा संचालन गर्ने गरि पोखरा ०९ कास्की निवासी केशव सुवेदीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १३८७५/०७४/०७५ (३००८) को ब्लुज क्याफे एण्ड रेष्टुरेण्ट नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/१२/०७ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**


# बेनी-जोमसोम-कोरला सडकमा पाँच पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ चैत



गण्डकी प्रदेशको भाग्यरेखा मानिएको राष्ट्रिय गौरवको उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरला सडकअन्तर्गत मुस्ताङमा पाँचवटा पुल निर्माण भएका छन् ।

बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत लोमान्थाङ गाउँपालिकामा चार र थासाङ गाउँपालिकामा पुल निर्माण भएको हो । पुल निर्माणपछि खोलाबाट सवारसाधन तारेर आवतजावत गर्नुपर्ने बाध्यता हटेको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले बताउनुभयो ।

लोमान्थाङ गाउँपालिकाको लोमान्थाङ, किम्लिङ, नाम्डोक र भर्मा खोलाको पुल निर्माणका लागि मुक्तिनाथ-अमित जेभीले विसं २०७६ असार ३१ गते रु २३ करोड ७९ लाख ७२ हजार नौ सय ५१ मा ठेक्का सम्झौता गरेको थियो ।

कालिका-गजुरमुखी जेभीले विसं २०७६ चैतमा रु सात करोड ४२ लाखमा ठेक्का सम्झौता गरेको थासाङ गाउँपालिकाको छाक्ताङखोलामा डबल स्पाम भएको ८० मिटर लामो पुल पनि निर्माण सकिएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका सूचना अधिकारी विष्णु चापागाईँले जानकारी दिनुभयो । सूचना अधिकारी चापागाईँका अनुसार २० मिटर लामो लोमान्थाङ खोला मोटरेबल पुल निर्माणका लागि रु चार करोड ६८ लाख दुई हजार छ सय ३८ मा ठेक्का सम्झौता भएको थियो । पचास मिटर लम्बाइको किम्लिङखोला पुलको लागत रु छ करोड ३० लाख, ५० मिटर लामो नाम्डोकखोला पुलको लागत रु छ करोड ३७ लाख र ८० मिटर लम्बाइको भर्माखोला पुलको लागत रु छ करोड ८५ लाख रहेको छ । विसं २०७४ मा सुरु भएको दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत १३ पक्की पुल र तीनवटा बेलिब्रिज निर्माण सकिएका छन् ।

म्याग्दीको राहुघाटमा ४० मिटर, घट्टेखोलामा ४० मिटर, मुस्ताङको लेतेमा ४० मिटर, स्याङखोलामा एक सय १५ मिटर, पाण्डाखोलामा ५० मिटर लामो पुल निर्माण भएको हो । पुल महाशाखाको पश्चिम सेक्टर कार्यालय पाल्पाले म्याग्दीको महभिरमा ८०, पोखरेबगर र बेगखोलामा ७०-७० मिटर लामो पुल निर्माण गरेको छ । छुसाङको मुस्ताङ गेटस्थित कालीगण्डकी नदीमा डोलिडारले ७७ दशमलव दुई मिटर र जोमसोमस्थित कालीगण्डकी नदीमा तत्कालीन मुस्ताङ जिविसले ४६ मिटर लामो पुल बनाएको थियो ।

यसैगरी, म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित रुप्से, बेनी-बगरफाँट जोड्ने कालीगण्डकी र अन्नपूर्ण गाउँपालिकाको भुरुङखोलामा बेलिब्रिज निर्माण भएको छ । थासाङ गाउँपालिकाको सेतोखोलामा मोटरेबल पुल निर्माण थालिएको छ ।

पर्वतको मालढुङ्गाबाट म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरलानाका जोड्ने सडक दुई लेनको कालोपत्र र ग्राभेल बनाउन २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको आयोजना प्रमुख ध्रुव झाले बताउनुभयो । विभिन्न छ स्थानमा ८५ किलोमिटर ग्राभेल र तीनवटा खण्डको २२ किलोमिटर सडक कालोपत्र गरिएको छ ।

# भानु स्मृति उद्यानमा पूर्वाधार निर्माण सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ चैत

तनहुँको भानु नगरपालिका-४ पुरनडिहीमा भानु स्मृति उद्यानमा पूर्वाधार निर्माण सुरु गरिएको छ । नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको जन्मथलोमा भानु स्मृति उद्यान निर्माण सुरु गरिएको हो ।

भानुभक्तको जन्मथलोलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने उद्देश्यसहित भानु स्मृति उद्यानमा पूर्वाधार निर्माणको काम थालनी गरिएको आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गत वर्षको चैतमा स्मृति पार्कको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिएको थियो, यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थल बनाउने लक्ष्य राखिएको छ ।" रानाभाटका अनुसार उद्यानमा मङ्गलबार पूर्वाधार निर्माणका लागि जग्गा सम्याउने काम सुरु गरिएको छ । पहिलो चरणमा स्वागतद्वार, टिकट काउण्टर, पालेघर र शौचालय निर्माण गरिनेछ । त्यसका लागि सहरी विकास मन्त्रालयमार्फत् रु ७० लाख बजेट विनियोजन भएको छ । सङ्घीय आयोजना कार्यान्वयन एकाइ कास्कीमार्फत् उद्यानमा पूर्वाधार निर्माणको काम सुरु गरिएको हो । आदिकवि जन्मस्थल विकास समितिको कार्यालयभन्दा एक किलोमिटर टाढा रहेको उक्त ठाउँमा भानु स्मृति उद्यान निर्माण गर्न लागिएको हो । रानाभाटले भन्नुभयो, "भानु जन्मस्थललाई साहित्यिक पर्यटनको थलो बनाउने उद्देश्यसहित विभिन्न पूर्वाधार निर्माण गर्दै जाने उद्देश्य राखिएको छ, सोही उद्देश्यलाई पूरा गराउनका लागि भानु उद्यान निर्माण गर्न लागिएको हो ।" उहाँका अनुसार विस्तृत अध्ययन प्रतिवेदन अनुसार उद्यान निर्माणका लागि करिब रु तीन करोड बजेट आवश्यक पर्ने देखिएको छ । उद्यानमा भानुभक्त आचार्य, मोतीराम भट्ट र भानुभक्तलाई चिनाउने घाँसीको मूर्ति निर्माण गरिनेछ । त्यस्तै हल, मन्दिर, पानीको फोहरा, सानो चिडियाखाना र बालबाटिका उद्यानमा निर्माण गरिने छन् । समितिकै मातहत रहेको १४ रोपनी क्षेत्रफलमा उद्यान निर्माण गर्न लागिएको हो । गत वर्ष नै निर्माण सुरु भइसक्नुपर्नेमा मन्त्रालयबाट बजेट विनियोजन नहुँदा काममा ढिलाइ भएको रानाभाटको भनाइ छ । जन्मस्थल विकास समितिकै सक्रियतामा चुँदी रम्घालाई सप्तधामका रुपमा विकसित गर्नका लागि गुरुयोजना बनाउने तयारी थालिएको छ । रानाभाटले भन्नुभयो, "पर्यटकलाई आकर्षित गराउन चुँदीरम्घामा केही संरचना र विकासका काम गर्नुपर्नेछ, त्यसका लागि समितिसँग बजेट छैन, चुँदीरम्घाको विकासका लागि सङ्घ र प्रदेश सरकारसँग बजेट माग गरेका छौँ ।" समितिले आदिकवि भानुभक्त आचार्यको पुरानो शैलीमा घर निर्माण गर्ने लक्ष्य राखेको छ । त्यसका लागि रु एक करोड बजेट आवश्यक पर्ने अनुमान गरिएको छ । शिखर कटेरीमा भानुभक्तको घर खण्डहर अवस्थामा छ । माटो र ढुङ्गाले बनेको घरको गाह्रो चारैतिर भत्केर भग्नावशेष मात्र बाँकी छ । घरभित्रै विभिन्न जातका ठूला-ठूला काँडासहितका बिरुवा हुर्केका छन् । भग्नावशेष हेर्दा घरको भित्ता जस्तो पनि देखिँदैन ।

विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा आदिकवि भानुभक्त नामक चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर पुनःनिर्माण गरिएको थियो । जङ्गलबीचको खरको छानोको घरमा विसं २०६१ जेठमा आगलागी भएको थियो । शिखरकटेरीमा भानुभक्तको घर शिलान्यास भए पनि निर्माण कार्य अघि बढ्न सकेको थिएन । अब पश्चिमाञ्चल विकासमञ्चको लगानीमा भानुगृह निर्माणको तयारी थालिएको हो । विसं २०७३ चैत २२ गते पश्चिमाञ्चल विकास मञ्चले भानुगृहको शिलान्यास गरेको थियो । विकास मञ्चले काममा ढिलाइ गरेपछि समितिले आफ्नै सक्रियतामा घर निर्माण गर्ने तयारी थालेको थियो । मञ्चले नै घर निर्माण गर्ने भएपछि समितिका तर्फबाट आवश्यक सहयोग रहने रानाभाटले बताउनुभयो ।

समितिले शिखरकटेरीमा तारबार र सिसी क्यामरासमेत जडान गर्दैछ । यही ठाउँमा रामायण भवन निर्माण भइसकेको छ । जङ्गलको बीचमा भएकाले रामायण भवन संरक्षणविहीन अवस्थामा पुगेको छ । रानाभाटले भन्नुभयो, "भानुगृहको काम सुरु भएपछि यस ठाउँको थप विकास हुनेमा आशावादी छौँ, पानी र बत्तीको सुविधा पुगिसकेको छ ।"

यसअघि कच्ची बाटो, पानी र बत्तीको समस्यालगायतका कारणबाट भानुगृहको काम अगाडि बढ्न सकेको थिएन । भानुभक्तको घर पुनःनिर्माणपछि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने विश्वास गरिएको छ । भानु नगरपालिका-४ चुँदीरम्घामा विसं १८७१ असार २९ गते जन्मिनुभएका आचार्यको विसं १९२५ असोज ६ गते निधन भएको थियो ।

नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कविका रुपमा परिचित भानुभक्त बाल्मिकी रामायणका अनुवादकका रुपमा प्रख्यात हुनुहुन्छ । मोतिराम भट्टले उहाँलाई पहिलो पटक नेपाली भाषाका आदिकवि उपाधि दिनुभएको बताइन्छ । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, बधुशिक्षा लगायतका कृति लेख्नुभएको छ,भने उहाँका पाण्डुलिपीलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उहाँ नेपाली साहित्यमा चिनिनुभएको थियो ।

# ‘नियमित जाँच गरे मुखसम्बन्धी रोगले जटिलता निम्त्याउँदैन’

बुनु थारू
काठमाडौं, ७ चैत/रासस

‘अ ह्याप्पी माउथ इज अ ह्याप्पी बडी’ अर्थात् मुख स्वस्थ भए शरीर पनि चङ्गा हुन्छ। यो यस वर्षको विश्व मुखस्वास्थ्य दिवसको नारा हो । स्वस्थ मुख उचित पाचनका लागी आवश्यक छ, सर्वोत्कृष्ट पोषणका लागी यसले खानालाई मिहिन बनाउनमात्र सघाउँदै अपितु स्वस्थ मुस्कान र आत्मसम्मान जोगाउन मद्दत गर्छ। यो नाराले प्रवाह गर्ने सन्देश यही हो भन्छन् दन्तचिकित्सकहरू। मुख स्वस्थ भयो भने सम्पूर्ण शरीर नै नीरोगी रहन्छ। मुख अस्वस्थ नहुँदा नै हामी बोल्न, चपाउन र मुस्कुराउन सक्छौँ।



आज मार्च २०, संसारभर विविध चेतनामूलक कार्यक्रमका साथ विश्व मुख स्वास्थ्य दिवस मनाइँदै छ । दाँत, गिजा र सम्पूर्ण मुख-अनुहार प्रणालीको स्वास्थ्यलाई मुख स्वास्थ्यको रूपमा बुझ्न सकिन्छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले मुख स्वास्थ्यलाई मुख एवं अनुहारको दुखाइ, मुख तथा घाँटीको क्यान्सर, मुखको सङ्क्रमण, जन्मदै तालु तथा ओठ चिरेको (खुँडे), गिजासम्बन्धी रोग, दाँत कीराले खाने तथा झर्ने, दाँतमा प्वाल पर्ने तथा मुखसम्बन्धी अन्य रोगबाट मुक्त हुने अवस्थाको रूपमा व्याख्या गरेको छ । हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने अधिकांशमा दाँत कीराले खाने, गिजाबाट रगत आउने, गिजा फुल्ने र पाक्ने, दाँत हल्लिने समस्या भएका बिरामी पाइन्छन् । स्वास्थ्यसम्बन्धी वेबसाइट मायो क्लिनिक डटकमका अनुसार शरीरका अन्य भागजस्तै मुख पनि कीटाणुले भरिएको हुन्छ, तथापि ती कीटाणु प्रायः हानिकारक हुन्छन् । तर मुख भनेको पाचन नलीमा प्रवेश गर्ने माध्यम भएकाले यदि त्यो स्वस्थ्य भएन भने हानिकारक कीटाणुले शरीरभर रोग निम्त्याउन सक्छ। कान्तिपुर डेन्टल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टरका वरिष्ठ दन्तचिकित्सक डा बुद्धिमान श्रेष्ठले बालबालिकामा बढीजसो दाँत कीराले खाने र वयस्कमा गिजाको बढी समस्या हुने गरेको बताउनुहुन्छ । उहाँका अनुसार सुर्तीजन्य पदार्थको सेवन गर्ने अधिकांशलाई मुखभित्र सेतो घाउ बढी मात्रामा देखिने गरेको छ, जुन मुख क्यान्सरको प्रारम्भिक लक्षण पनि हो । उहाँ मुख नै शरीरको प्रवेशद्वार भएकाले यो नै स्वास्थ्य भएन भने घर (शरीर) नै स्वस्थ्य नहुने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “मुखस्वास्थ्य सम्पूर्ण शरीरको स्वास्थ्यसँग जोडिन्छ । गर्भवतीको मुख स्वस्थ्य नहुँदा समय नपुगी बच्चा जन्मिन सक्ने र बच्चा कम तौलको जन्मिने हुन सक्छन् । साथै मुख र गिजा सफा भएन भने यसले मधुमेह, मुटुरोग र क्यान्सरसम्मको जोखिम निम्त्याउन सक्छ ।” डब्ल्युएचओका अनुसार चिनीको खपत, सुर्ती, मदिरा सेवन र सरसफाइको कमी मुखसम्बन्धी समस्याका मुख्य कारक हुन् । मुखसम्बन्धी समस्या विश्वव्यापीरूपमा नसर्ने रोग बन्दै गएको छ। मुख स्वास्थ्यमा खासगरी दाँत कीराले खाने, गिजासम्बन्धी रोग र मुखको क्यान्सर जनस्वास्थ्यका प्रमुख समस्याका हुन् । विश्वमा क्यान्सरको सूचीमा मुखको क्यान्सर १३औँ नम्बरमा पर्छ, यसमा ओठको क्यान्सर बढी हुने गरेको छ। बढ्दो सहरीकरण र जीवनयापनमा आएको परिवर्तनसँगै मुखका रोग पनि बढिरहेका छन् । यो मुख्यतया ‘टुथपेस्ट’को गुणस्तर, उच्च चिनीयुक्त खानाको सेवन, मुखको उपचारमा कमजोर पहुँचका कारण बढ्दो छ।

नेपाल डेन्टल एशोसिएसनका महासचिव डा विश्वप्रकाश ठाकुरले धेरै बिरामी दाँतको दुखाइ र जटिल समस्या आएपछि मात्र चिकित्सककहाँ आउने प्रवृत्ति रहेको अनुभव सुनाउनुहुन्छ। उहाँ शरीरका अन्य अङ्गको स्याहार गरेजस्तै दाँतको पनि त्यसरी नै स्याहार गर्नुपर्ने आवश्यकता औँल्याउँदै भन्नुहुन्छ, “मुख नै स्वस्थ भएन भने अरु रोग लाग्ने सम्भावना हुन्छ । दाँतको कुनै पनि समस्या आज वा भोलि नै हुँदैन, नियमित जाँच गर्दा जटिल समस्या हुन पाउँदैन ।” डा ठाकुर अहिले ३० देखि ३५ वर्षको उमेरमा नैं दाँत झरेर नक्कली दाँत राख्नुपर्ने अवस्था आएको भन्दै धेरै जनाले ‘ब्रस’ राम्ररी नगर्नाले समस्या बढी भएको बताउनुहुन्छ । मुखस्वास्थ्यलाई प्राथमिकतामा राख्न र यसका लागि पर्याप्त बजेट छुट्याउन आवश्यक भएको उहाँ औँल्याउनुहुन्छ ।डब्लुएचओको पछिल्लो अध्ययन ग्लोबल ओरल हेल्थ स्टेटस रिपोर्ट (२०२२) अनुसार मुखसम्बन्धी रोगले विश्वभर तीन अर्ब ५० करोड मानिस पीडित हुने गरेका तथा तिनमा हरेक चारजनामध्ये तीन जना मध्यम आय भएका देशका नागरिक छन् । त्यसैगरी विश्वव्यापी अनुमानित दुई अर्ब मानिस स्थायीरूपमा नै दाँत कीराले खाने समस्याबाट पीडित छन् भने ५१ करोड ४० लाख बालबालिकामा दाँतको कीराले खाने समस्या छ । त्यसैगरी एक अर्बलाई गिजाको जटिल समस्या देखिने गरेको छ । डब्ल्युएओकै अध्ययनले ६० देखि ९० प्रतिशत स्कुले बालबालिकामा दाँत कीराले खाने समस्या रहेको र त्यो ज्येष्ठ नागरिकमा झन् बढी रहेको बताउँछ । डब्ल्युएओको ओरल हेल्थ कन्ट्री (नेपाल) प्रोफाइल २०२२ का अनुसार उपचार नगरिएको कीराले खाएको दुधे दाँतको समस्या एकदेखि नौ वर्षमा ५१ दशमलव दुई प्रतिशत, पाँच वर्षमाथिका स्थायी दाँतको समस्या ३१ दशमलव पाँच प्रतिशतलाई र गिजाको समस्या १५ वर्षमाथि १४ दशमलव आठ प्रतिशत र २० वर्षमाथिलाई दाँत नहुने समस्या एक दशमलव चार प्रतिशत देखिएको जनाएको छ । सङ्ख्या अझै पनि हुनसक्ने भए पनि नियमित अध्ययन-अनुसन्धान नभएकाले कति प्रतिशत समस्याबाट पीडित छन् भनेर आकलन गर्न सकिएको छैन । त्यसैगरी नेपाल नेशनल ओरल हेल्थ पाथफाइन्डर सर्भे २००४ मुख स्वास्थ्यसम्बन्धी अध्ययनमा नेपालमा पाँच-छ वर्षका ५७ दशमलव पाँच प्रतिशत, १२-१३ वर्षका २५ दशमलव छ प्रतिशत, १५-१६ वर्षका बच्चामा २६ दशमलव तीन, ३५-४४ वर्षका ५७ दशमलव पाँच प्रतिशत तथा ५० वर्षभन्दा माथिका ६९ दशमलव छ प्रतिशत व्यक्तिमा दाँतमा कीरा लाग्ने समस्या देखिएको थियो । अध्ययनले महिलामा दाँतमा कीरा लाग्ने समस्या बढी देखाएको थियो ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालकी सामुदायिक दन्त चिकित्सक डा सिर्जना दाहाल दुखाइ नभएसम्म अस्पताल नआउने भएकाले जनतामा चेतना जागृत गर्न आवश्यक भएको बताउनुहुन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने मुखसम्बन्धी सेवा सबैको पहुँचमा पुग्न सकेको छैन । जति छ, त्यो पनि सर्वसुलभ छैन । सरकारीबाहेक निजी अस्पताल तथा क्लिनिकमा मुखस्वास्थ्यको उपचार महँगो छ। डब्ल्युएओले पनि कम र मध्यम आय भएका देशमा मुखसम्बन्धी उपचारको पर्याप्त सेवा उपलब्ध नभएको बताउँदै आएको छ।

स्टेप्स् सर्भे नेपाल २०१९ को अध्ययनले १५ देखि ६९ उमेर समूहका ८९ दशमलव नौ प्रतिशतले दैनिक एक वा दुईपटक दाँत माझ्ने गरेको जनाएको छ। नियमित दाँत माझ्ने सङ्ख्या धेरै भए पनि नियमित आफैँ स्वाथ्य संस्थासम्म जाने प्रतिशत भने कम छ । सर्भेले ५४ दशमलव पाँच प्रतिशत बयस्कमा मुखसम्बन्धी जाँचका लागि जानुपर्छ भन्ने धारणा छैन।

वीर अस्पताल दन्त विभागका गिजारोग विशेषज्ञ सहप्राध्यापक डा रञ्जिता श्रेष्ठ नियमित जाँचले पछि हुने दाँतको दुखाइलगायत गिजाको समस्याबाट राहत मिल्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “रोग नै लाग्न दिएनौँ भने खर्च हुँदैन । दाँतको उपचार चरणबद्ध हुन्छ त्यसैले बढी खर्च लाग्ने हुन्छ । पहिलाभन्दा आम मानिस अलि सजग भए पनि सबै सचेत छैनन् ।” वीर अस्पतालमा दाँतको उपचार सेवा लिन रु ३० को टिकट काटे पुग्छ। अरु सेवा पनि निजीभन्दा आधा सस्तो रहेको डा श्रेष्ठ बताउनुहुन्छ । “सरकारी अस्पतालमा निजीभन्दा सस्तो सेवा उपलब्ध छ । सरकारले आँखा, मुटुको जस्तै मुख स्वास्थ्यसम्बन्धी छुट्टै अस्पताल बनाए धेरै बिरामीलाई राहत मिल्थ्यो होला ।” डा श्रेष्ठ भन्नुहुन्छ, “अहिले ब्रस नगर्ने मान्छे सायदै कोही होला । बच्चाको दाँत नै नआए पनि गिजा सफा कपडाले पुछिदिनुपर्छ । साढे दुई वर्षसम्म दुधेदाँत आइसक्छ। नरम ब्रसले दाँत सफा गरिदिनुपर्छ। धेरै अभिभावकले दुधेदाँत झरेर अर्को आउँछ भनेर ध्यान दिनुहुँदैन तर त्यो कीराले खायो भने पछि आउने दाँत नराम्रो आउने सम्भावना हुन्छ ।” विज्ञहरूले मुख स्वास्थ्यलाई राम्रो बनाउन छ-छ महिनामा दाँत जाँच गराउने, दैनिक बिहान र बेलुका दिनमा दुईपटक ब्रस गर्ने, खाना खाइसकेपछि कुल्ला गर्ने बानी बसाल्ने, ‘कोल्डड्रिङ्क्स’को सेवन कम गर्ने तथा चुरोट, गुट्खा, सुपारीलगायत सुर्तीजन्य पदार्थ सेवन नगर्ने सुझाव दिएका छन्।

# पोखरामा कृष्ण मेमोरियल एट ‘ए’ साइड भेट्रान फुटबल सुरु

पोखरापत्र संवाददाता
पोखरा, ७ चैत



पोखराको बाराहीघाटमा पूर्व फुटबल रेफ्री स्वर्गीय कृष्ण गिरीको सम्झनामा पहिलो संस्करणको एट ‘ए’ साइड भेट्रान फुटबल प्रतियोगिता सुरु भएको छ।

पोखरामा सामाजिक र खेलकुदको क्षेत्रमा क्रियाशिल बिक्कु गिरी, विषम पहारी र सञ्जय बुढाथोकीको सयुक्त आयोजनामा आजदेखि पहिलो संस्करणको कृष्ण मेमोरियल एट ‘ए’ साइड भेट्रान फुटबल प्रतियोगिता सुरु भएको हो । आजदेखि सुरु भएको पहिलो संस्करणको कृष्ण मेमोरियल एट ‘ए’ साइड भेट्रान फुटबल प्रतियोगितामा मालेपाटन एफसीले विजयी सुरुवात गरेको छ। मालेपाटन एफसीले लेकसाइड सेतोलाई १-० गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गर्यो । मालेपाटनको जीतमा राजकुमार भुजेलले निर्णायक गोल गरे। सो खेलबाट अमृत गुरुङ म्यान अफ द म्याच बने । यस्तै दोस्रो खेलमा एनए भेट्रान्स लेकसाइडले टेन इलभेन एफसीलाई पेनाल्टी सुटआउटमा ३-१ गोलले पराजित गऱ्यो । निर्धारित समय २-२ को बराबरीमा सकिएपछि खेल पेनाल्टीमा पुगेको थियो। ट्राइबेकरमा एनए भेट्रानका गोलरक्षक विकास गुरुङले टेन इलभेन एफसीको प्रहारलाई रोक्दै जीत सुनिश्चित गर्दै म्यान अफ द म्याच बने। तेस्रो खेलमा सविन मेमोरियलले बागलुङ सुधार केन्द्रलाई २-१ गोल अन्तरले पराजित गर्यो। सविनको जीतमा सुवास केसी र विशाल गुरुङले समान १ गोल गरे भने बागलुङका लागि कुशल खड्काले सान्त्वना १ गोल फर्काए। उक्त खेलबाट अनुप राना म्यान अफ द म्याच बने।

चौथो खेलमा एट टु नाइन एफसीले गार्डेन एफसीलाई ३-१ गोल अन्तरले हरायो । एट टु नाइनको जीतमा दुवै गोल नरेश केसीले गरे भने गार्डेनका सन्तोष केसीले सान्त्वना १ गोल फर्काए। सो खेलबाट एट टु नाइनका नरेश केसी म्यान अफ द म्याच घोषित भए। यसैगरी आज भएको अन्तिम खेलमा लेकसाइड पहेंलोले न्यू एयरपोर्टलाई २-० गोल अन्तरले हरायो । लेकसाइडको जीतमा सुमन पुन र इश्वर गुरुङले समान १ गोलको योगदान दिए । सो खेलबाट सुमन पुन म्यान अफ द म्याचबाट पुरस्कृत भए। खेल संयोजक विषम पहारीका अनुसार बिहीबार क्वाटरफाइनका ४ खेल सञ्चालन हुनेछन् । यसै गरी बाराहीघाटमा आजदेखि सुरु भएको पहिलो संस्करणको कृष्ण मेमोरियल एट ‘ए’ साइड भेट्रान फुटबल प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगरपालिका ६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले नेपाल ट्रस्टको मैदानलाई महानगरको स्वामित्वमा ल्याउन पहल भइरहेको बताए। विभिन्न खेलकुद प्रतियोगिताका लागि उपयुक्त मैदान भएकाले महानगरको स्वामित्वमा ल्याउने र वडाले निगरानी राख्ने गरी पहलकदमी भइरहेको दोहोर्याए। ‘बाराहीघाट अहिले नेपाल ट्रष्टको स्वामित्व रहेको छ । यस क्षेत्रमा कुनै कार्यक्रम गर्दा ट्रष्टको स्विकृति र शुल्क तिनुपर्ने झन्झट रहेको छ, वडाध्यक्ष भट्राईले भने, ‘बाराहीघाटलाई खेलकुद क्षेत्रको रुपमा विकास गर्न यस ठाउँलाई महानगरको स्वामित्वमा ल्याउन हामीले पहल गरिराखेका छौं ।’ उनले पोखरा पर्यटकीय राजधानी घोषणा भएको उल्लेख गर्दै खेल क्षेत्रको प्रर्वद्धन र विकासतर्फ लाग्नुपर्नेमा जोड दिए। ‘महानगर र गण्डकी प्रदेश सरकारसँगै सबैको समन्वयमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेका छौं, वडाध्यक्ष भट्टराईले भने, ‘ बाराहीघाटमा साफ च्याम्पियनसिप प्रतियोगिताको केही खेल सम्पन्न पनि गर्यौ। त्यसैले यस ठाउँलाई खेलकुद क्षेत्रको रुपमासमेत अगाडि लैजानुपर्छ भन्ने हाम्रो धारणा छ।’ यसैगरी जनप्रिय बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुच्छेले स्वर्गीय कृष्ण गिरीको खेलकुद क्षेत्रमा योगदान गरेको स्मरण गरे।

‘स्वर्गीय कृष्ण गिरी सानैदेखि खेलकुद र सामाजिक क्षेत्रमा क्रियाशिल हुनुहुन्थ्यो, विजुच्छेले भने, ‘४० वर्ष अगाडि लेकसाइडको विकासमात्रै नभएर खेलकुदको विकासका निम्ति पनि उहाँको भूमिका महत्वपूर्ण छ।’

आगामी ९ गते सम्पन्न हुने सो प्रतियोगिताको विजेताले नगद १ लाख १ हजार १ सय ११ रुपैयाँ, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै उपविजेताले नगद ५१ हजार १ सय ११ रुपैयाँ, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। विधागतर्फ सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलकिपरले जनही नगद रु ५/५ हजार पुरस्कारसहित ट्रफी प्राप्त गर्नेछन् भने अनुशासित टिमले ७ हजार ५ सय रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। प्रतियोगितामा कुल १४ टिमको सहभागिता रहेको आयोजकले जनाएको छ।

# म्याग्दीमा डढेलोले वनजंगल उजाडिए

पोखरापत्र संवाददाता
म्याग्दी, ७ चैत

म्याग्दीमा डढेलोले वनजङ्गल उजाड बन्न थालेका छन् ।

मानवीय लापरबाहीका कारण वनजङ्गलमा डढेलो बढेसँगै जङ्गल उजाड बनेका छन् भने वातावरण प्रदूषण र मानवीय क्षतिको जोखिम बढेको छ।

वसन्त ऋतुको आगमनसँगै जिल्लाका विभिन्न वनक्षेत्रमा आगलागीका घटना बढेको डिभिजन वन कार्यालयका डिभिजन वन अधिकृत विष्णुप्रसाद अधिकारीले जानकारी दिनुभयो । यस वर्ष हिउँद याममा वर्षा कम भएको र सुक्खा ठाउँमा प्रज्वलनशील वस्तुको लापरबाहीले दिनहुँ डढेलो लाग्न थालेको छ । “पछिल्लो साता दिनहुँ वनजङ्गलमा आगलागीका घटना घटेका छन्, हामीले स्थानीयवासीलाई सजकता र सतर्कता अपनाउन अनुरोध गर्ने गरेका छौँ”, उहाँले भन्नुभयो। पछिल्ला केही दिनमा विभिन्न जङ्गलमा डढेलो लागेको छ। वनजङ्गलमा लागेको आगो बस्तीतर्फ आउन थालेपछि मात्रै सर्वसाधारणले प्रहरी र डिभिजन वन कार्यालयमा खबर गर्ने गरेको वन अधिकृत अधिकारीले बताउनुभयो।

कार्यालयले वन डढेलो नियन्त्रण तथा रोकथामका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आए पनि घाँस राम्रो हुने भन्दै वनजङ्गलमा आगो लगाउने चलन बढेको पाइएको छ। गत सोमबार सदरमुकाम बेनीबजार नजिकै रहेको बराहपाखो सामुदायिक वन क्षेत्रमा लागेको भिषण डढेलो बजारमै पस्ने जोखिम बढेपछि सुरक्षाकर्मी, जनप्रतिनिधि, सर्वसाधारण र दमकल परिचालन गरेर नियन्त्रण गरिएको थियो । आगलागीले बराहपाखो सामुदायिक वनको अधिकांश क्षेत्र उजाड र नाङ्गो भएको छ।

अन्नपूर्ण गाउँपालिकाका वन क्षेत्रमा डढेलोका घटना बढेका छन् । उक्त गाउँपालिकाको पोखरेबगर, घार, महभिर, आरुबोट डिम्मरे पानी, साल्जाको वन, दोवा, भुरुङ तातोपानी, दाना, नारच्याङ, हिस्तानलगायत ठाउँका वनक्षेत्रमा डढेलो लागेको छ । विगतका वर्षको तुलनामा यस वर्ष वन क्षेत्रमा आगजनीका घटना बढेको अन्नपूर्ण गाउँपालिका-६ घारका वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो।

# शव पहिचान गर्न आफन्तको ‘डिएनए’ परीक्षण गरिँदै

रासस
काठमाडौं, ७ चैत

रुस सरकारले नेपाली नागरिकको शव पहिचानका लागि उहाँहरूका निकटस्थ पारिवारिक सदस्यको ‘डिएनए’ नमुना पठाइनदिन आग्रह गरेपछि सम्पर्कमा आएका व्यक्तिको ‘जेनेटिक टेस्ट’ गर्न पठाइएको छ।

परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुरलर सेवा विभागले सम्पर्कमा आएका सम्बन्धित व्यक्तिमध्ये मङ्गलबार सात जनाको र आज एक जनाको ‘जेनेटिक टेस्ट’ गर्न नेपाल प्रहरी केन्द्रीय कार्यालयमा पठाएको जनाएको छ। विभागले खोमबहादुर भुजेल, विमलकुमार गजमेर, प्रेमप्रकाश न्यौपाने, भीमबहादुर विक, क्षितिज बस्नेत, सोमेश सुनुवार, विजयबहादुर थोकर र जीतेन्द्रबहादुर घिसिङका आफन्तको ‘डिएनए’ परीक्षणका लागि पठाएको हो।

रुसी सेनामा भर्ना भएका नेपालीमध्ये पछिल्लो समय थप १५ जनाको मृत्यु भएको आशङ्का गरिएको छ। मृत्यु भएकामध्ये नेपालीको शव पहिचान र ‘जेनेटिक टेस्ट’ का लागि उहाँहरूका निकटस्थ पारिवारिक सदस्यको डिएनए नमुना पठाइन दिन रुस सरकारले मस्कोस्थित नेपाली राजदूतवासमार्फत आग्रह गरेको थियो। नेपाल प्रहरीबाट डिएनएको रिपोर्ट आएलगत्तै उक्त विवरण मस्को पठाइने विभागका महानिर्देशक प्रकाशमणि पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार विभागमा हालसम्म रुसी सेनामा भर्ना भएकामध्ये दुई सय ७१ नेपाली नागरिकका आफन्तले उद्धार तथा खोज यकीन गरिपाउँ भनेर आवेदन दिएका छन्।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २० मोहोरिया गाउँको गोरेटो बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मोहोरिया गाउँको बाटो निर्माण
ठेगानाः पोखरा-२०, मोहोरिया कास्की
योजना सम्झौता मितिः २०८०/०९/२२ गते
योजना शुरु मितिः २०८०/०९/२३ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/१८ गते
योजनाको कुल लागतः रु. ११,११,११२/-
महानगरपालिकाबाटः रु. १०,००,०००/-
जनसहभागिताबाटः रु.१,११,११२/-
उपभोक्ता समिति अध्यक्षः यमन परियार

**मोहोरिया गाउँको गोरेटो बाटो निर्माण उपभोक्ता समिति पोखरा-२०, मोहोरिया**

## सार्वजनिक सुनूवाई कार्यक्रम सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०८)**

**उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की, पोखरा महानगरपालिका, वडा नं. १७, विरौटामा नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. द्वारा नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर निर्माण तथा संचालन सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा प्रस्तावित आयोजना स्थलमा मिति २०८०/१२/०९ गते शुक्रबारको दिन बिहान ८:३० बजे सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्तिथीको लागि हार्दिक अनुरोध गर्दछु।**

**आयोजक**
**नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.**
**पोखरा महानगरपालिका, वडा नं. १७, गण्डकी प्रदेश**
**फोन नं.: ९८५६०३१६१५**